# गौरादह राजपत्र


## गौरादह नगरपालिकाद्धारा प्रकाशित

खण्ड ५ संख्या १७ फागुन २८ गते, २०७९ साल


गौरादह नगरपालिकाको स्थानीय बजार व्यवस्थापन ऐन २०७६ को दफा २६ बमोजिमको अधिकार प्रयोग गरि नगरपालिकाद्वारा स्थानीय हाट, बजार विकास तथा व्यवस्थापन सम्बन्धी निर्देशिका २०७९ स्विकृत गरि जारी गरिएको तल उल्लेख भए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएकोछ ।

# गौरादह नगरपालिकाको स्थानीय हाट, बजार विकास तथा व्यवस्थापन सम्बन्धी निर्देशिका २०७९

गौरादह नगरपालिका भित्र रहेका विभिन्न बजार, हाट व्यवस्थापन गरी स्वच्छ, सफासुग्घर र प्रतिष्पर्धात्मक बजार कायम गरी उपभोक्ताको हकहित संरक्षणका लागि वस्तु वा सेवाको आपूर्ति, मूल्य, गुणस्तर, शुद्धता र परिमाण तथा व्यवसाय सञ्चालन गर्ने स्थान निर्धारण लगायतका विषयमा बजार व्यवस्थापन कार्यलाई चुस्त दुरूस्त राखी व्यवस्थित गर्न वाञ्छनीय भएकाले, गौरादह नगरपालिकाको स्थानीय बजार व्यवस्थापन ऐन २०७६ को दफा २६ ले दिएको अधिकार प्रयोग गरी गौरादह नगर कार्यपालिकाले यो स्थानीय हाट, बजार विकास तथा व्यवस्थापन सम्बन्धी निर्देशिका २०७९ जारी गरेको छ ।

१ संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "गौरादह नगरपालिकाको स्थानीय हाट, बजार विकास तथा व्यवस्थापन सम्बन्धी निर्देशिका २०७९" रहेकोछ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२ परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "ऐन" भन्नाले गौरादह नगरपालिकाको स्थानीय बजार व्यवस्थापन ऐन २०७६ सम्झनुपर्छ ।

ख) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

ग) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

घ) "कार्यापालिका" भन्नाले नगर कार्यपालिकालाई जनाउँ छ भने सो शव्दले नगर कार्यपालिकाकपको कार्यलय र वडा कार्यालय लाई समेत जनाउँनेछ ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

च) "नगरपालिका" भन्नाले गौरादह नगरपालिकालाई सम्झनुपर्छ ।

छ) "वडा अध्यक्ष" भन्नाले गौरादह नगरपालिकाको वडा अध्यक्षलाई सम्झनुपर्छ ।

ज) "वडा समिति" भन्नाले गौरादह नगरपालिकाको वडा समितिलाई सम्झनुपर्छ ।



झ) "विषयगत शाखा" भन्नाले गौरादह नगरपालिका को कार्यालय अन्तर्गतका विषयगत शाखा उपशाखा कार्यालयका इकाईलाई सम्झनुपर्छ ।

ञ) "वडा सचिव" भन्नाले नगरपालिकाको वडा कार्यालयमा प्रशासकीय कार्य सम्पादन गर्न खटाइएको प्रमुखलाई सम्झनुपर्छ ।

ट) "फुटपाथ" भन्नाले नगरपालिकाले तोकिएको वा विगतदेखि पदयात्री हिंड्ने बाटोलाई सम्झनुपर्छ ।

ठ) "बजार व्यवस्थापन तथा बजार विकास समिति" भन्नाले यसै निर्देशिका वमोजिम गठन भएका नगर तथा स्थानीय समितिलाई सम्झनुपर्छ ।

ड) "मूल्य सूचि निर्धारण समिति" भन्नाले ऐनको दफा १४ बमोजिम बिक्रीमा राखिएका मालसामानको बिक्री मूल्य निर्धारण गर्न गठन भएका विषयगत समितिलाई सम्झनुपर्छ ।

ढ) "स्थान निर्धारण समिति" भन्नाले ऐनको दफा १४ बमोजिम नगर कार्यपालिकाले उद्योग, पसल, फर्म, स्वास्थ्य क्लिनिक वा व्यवसायका लागि स्थान निर्धारण गर्न गठन भएका समितिलाई सम्झनुपर्छ ।

३ नगरस्तरीय हाट, बजार व्यवस्थापन तथा बजार विकास समितिको गठनः १) ऐनको दफा २६ ले दिएको अधिकार प्रयोग गरी नगरपालिका भित्रका बजारहरू स्वच्छ र सफा राख्न, अव्यवस्थित रहेका व्यवसायहरूलाई व्यवस्थित गर्न, बजार भित्र निर्माणहुने भौतिक कार्यलाई व्यवस्थित गर्न, पार्किङ तथा फुटपाथ व्यवस्थित गर्ने कार्यमा वडा समितिले सम्बन्धित वडामा रहेका हाटबजारमा गठन गरेका स्थानीय बजार व्यवस्थापन तथा बजार विकास समितिहरूबीचमा समन्वय गरी आवश्यक बजार व्यवस्थापन तथा पूर्वाधार विकास गर्ने सम्बन्धी नगरपालिकाको नीतिगत निर्णयलगायतका विषयहरू कार्यान्वयनमा ल्याउन देहाय अनुसारको नगरस्तरीय बजार व्यवस्थापन तथा बजार विकास समिति गठन गर्ने छ ।

| | |
|---|---|
| क) नगरपालिका प्रमुख | संयोजक |
| ख) नगरपालिका उपप्रमुख | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) आर्थिक समितीको संयोजक | सदस्य |

ङ) स्थानीय बजार व्यवस्थापन समितीका संयोजकहरू सदस्य

च) गौंरादह उद्योगबाणीज्य संघका अध्यक्ष सदस्य

छ) उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा व्यक्तिहरू मध्येबाट संयोजकले मनोनयन गरेको
२ जना महिला सहित ४ जना सदस्य

ज) कार्यपालिकाको निर्णय अनुसार नगर सभाका सदस्यहरुबाट १ जना महिला सहित २ जना सदस्य

झ) स्थानीय सुरक्षा निकाय(नेपाल प्रहरी)को प्रमुख
१ जना पदेन सदस्य

ञ) स्थानीय प्रशासनको प्रतिनिधि (उपलव्ध भएमा)
१ जना पदेन सदस्य

ट) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी
१ जना सदस्य सचिव

२। नगरस्तरीय बजार व्यवस्थापन तथा बजार विकास समितिले आवश्यक ठानेको विषयमा छलफल गरी राय सुझाव लिन सम्बन्धित विषय विज्ञलाई आमन्त्रित सदस्यका रूपमा बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३। नगरस्तरीय बजार व्यवस्थापन तथा बजार विकास समितिको बैठक सञ्चालनको कार्यविधि आफै तय गर्नेछ भने सर्वसम्मत निर्णय हुन नसकेमा बहुमत सदस्यको निर्णय मान्य भई कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

४। आफ्नो काम कार्वाही छिटोछरितो बनाउन आवश्यक ठानेमा कार्यशर्त उल्लेख गरी उपसमिति गठन गर्न सक्नेछ।

५। मनोनीत सदस्यको पदावधी २ बर्षको हुनेछ ।

४ **नगरस्तरीय बजार व्यवस्थापन तथा बजार विकास समितिको कार्यक्षेत्रः** नगरक्षेत्र भित्रका हाट बजारहरू, नयाँ विकास गर्नुपर्ने गरी नगरपालिकाले तोकेको बजारक्षेत्र समेत पर्नेछ ।

५ **नगरस्तरीय बजार व्यवस्थापन तथा बजार विकास समितिको काम,कर्तव्य र अधिकारः**



क) नगरपालिका अन्तर्गतका हाट बजार संचालन सहज सुलभ सघनरूपमा सञ्चालन गर्न मद्दत गर्ने ।

ख) नगरपालिकाका हाट बजारको सरसफाई श्रोत निर्धारण सुरक्षा व्यवस्थित पसलकवल वाटो फुटपाथ खानेपानी शौचालय तथा आकस्मिक स्वास्थ्य उपचार वा प्राथमिक उपचारसमेतको योजना बनाई नगरपालिकामा पेश गर्ने ।

ग) स्थानीय बजार व्यवस्थापन समितिहरूसँग बीच समन्वय गर्ने ।

घ) वडा समितिहरूले पेश गरेका बजार व्यवस्थापन सम्बन्धी योजना वा प्रस्तावहरूको मूल्यांकन गरी प्राथमिकता निर्धारण गरी नगरपालिकामा पेश गर्ने ।

ङ) स्थानीय बजार व्यवस्थापन समितिलाई आवश्यक सुझाव सल्लाह दिने तथा उक्त समितिमा विवादित भई निकाशका लागि सिफारिस भई आएका विषयहरूमा दुवै पक्षका कुराहरू सुनुवाई गरी मेलमिलापको माध्यमबाट मेलमिलाप गराउने नभएमा प्रचलित कानूनसम्मत निर्णय गरी कार्यान्वयनका लागि वडा समिति तथा स्थानीय बजार व्यवस्थापन समितिलाई जानकारी गराउने।

च) स्थानीय बजार व्यवस्थापन ऐन तथा प्रचलित कानून बमोजिम अधिकारप्राप्त नियामक निकायद्वारा बजार अनुगमन गर्नका लागि सहयोग माग गरेमा वा आकास्मिकरूपमा अन्य बजार व्यवस्थापन वा अनुगमन गर्न माग गरेमा प्रतिनिधित्व गर्ने गराउने।

छ) नगरसभाले बजार व्यवस्थापन सम्बन्धी थप जिम्मेवारी दिएमा उक्त कार्य कार्यान्वयन गर्ने ।

६ **स्थानीय हाट, बजार व्यवस्थापन समितिको गठनः-** १) गौरादह नगरपालिका भित्रका प्रत्येक बजारहरूमा स्थानिय बजार व्यवस्थापन समिती गठनका लागि देहाय अनुसाका प्रतिनिधिहरु छनौट गर्नु पर्नेछ।

क) सम्बन्धित वडा समितिले स्थानिय हाट बजार लाग्ने स्थानको चार किल्ला (एरिया) निर्धारण गर्नु पर्नेछ ।

ख) सम्बन्धीत वडा समितीले निर्धारीत स्थानिय हाट बजारमा व्यवसाय गर्ने व्यवसायको प्रकृति अनुसारको थोक तथा खुद्रा व्यवसाय गर्ने व्यवासायीहरुको छुट्टा छुट्टै विवरण तयार गर्न पर्नेछ ।(जस्तै:- किराना, मनिहारी, कपडा, रेडीमेट, कष्टमेटिक, तरकारी, फलफूल, खाद्यान, होटल, रेष्टुरा, चिया नास्ता, ईलेक्ट्रोनिक्स, निर्माण सामाग्री, मिठाई, स्विटहाउस, फर्निचर, फर्निसीङ्ग, गृल, वर्कसप, होटल, औषधि पसल आदि)

ग) वडाले निर्धारण गरेको सम्बन्धितहाट बजार बसोबास गर्ने र घर कबल भाडामा लगाउँने व्यक्तिरुको विवरण।

घ) वडा समितिले संकलित विषयगत व्यावसायिहरुको छुट्टा छुट्टै भेलाबोलाई प्रत्येक विषयगत व्यवासायीहरु बाट बढिमा ५\५ जना प्रतिनिधिहरु छनौट गर्नु पर्नेछ। त्यस्तै गरि वडाले निर्धारण गरेको सम्वन्धितहाट बजार बसोबास गर्ने र घर कबल भाडामा लगाउँने व्यक्तिरु मध्ये बाट बढीमा १५ जना प्रतिनिधि छनौट गर्नु पर्नेछ।

२) गौरादह नगरपालिका भित्रका प्रत्येक वजारहरूमा स्थानिय बजार व्यवस्थापन समिती गठनका लागि देहाय अनुसाका सदस्यहर छनौट गर्नु पर्नेछ।

क। माथि उल्लेखित १। घ। अनुसार वडा समितिले संकलित विषयगत व्यावसायिहरुको छुट्टा छुट्टै भेलाबोलाई प्रत्येक विषयगत व्यवासायीहरुबाट छनौट भएका बढिमा ५\५ जना प्रतिनिधिहरु मध्येवाट छनौट भएका २ महिला सहित ५ जना - सदस्य

ख। माथि उल्लेखित १। घ। अनुसार वडाले निर्धारण गरेको सम्वन्धित हाट बजार क्षेत्रमा बसोबास गर्ने र घर कबल भाडामा लगाउँने व्यक्तिहरु मध्ये छनौट वाट बढीमा १५ जना प्रतिनिधिहरु मध्ये बाट कम्तिमा १ जना महिला सहित ४ जना- सदस्य

ग। वडा समितीले मनोनयन गरेका सम्वन्धित हाट बजार क्षेत्रमा बसोबास गर्ने र घर कबल भाडामा लगाउँने व्यक्तिरु मध्ये बाट एक जना महिला सहित ३ जना - सदस्य

घ। गौरादह उद्योग वाणिज्य संघले मनोनयन गरि पठाएको एक जना व्यवसायी - सदस्य



ङ। माथि उल्लेखित खण्ड क।, ख।, ग। र घ। अनुसार प्रतिनिधित्व गर्ने सदस्यहरुले खण्ड घ। अनुसरको सदस्य बाहेक बाट १ जना संयोजक, १ जना सह संयोजक, १ जना सचिव र १ जना कोषाद्यक्ष छनौट गर्नु पर्नेछ।

३। कुनै हाट बजार दुई वा सो भन्दा बढी वडा समेटीएको भएमा सबै वडा समितीको संयुक्त बैठक बाट विवरण तयार गर्ने र मनोनयन गर्नु पर्नेछ । विवादित भई निर्णय हुन नसकेमा नगरस्तरीय बजार व्यवस्थापन तथा बजार विकास समितिले निर्णय गरे बमोजिम हुनेछ ।

४। मनोनित सदस्यको पदावधि २ वर्षको हुनेछ ।

५। स्थानीय बजार व्यवस्थापन समितीको कार्यका दुई वर्षको हुनेछ

७ **स्थानीय हाट, बजार व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकारः**

क) स्थानीय हाट बजार संचालन सहज सुलभ सघनरूपमा सञ्चालन गर्न मद्दत गर्ने ।

ख) स्थानीय हाट बजारको सरसफाई श्रोत निर्धारण सुरक्षा व्यवस्थित पसलकवल बाटो फुटपाथ खानेपानी शौचालय तथा आकस्मिक स्वास्थ्य उपचार वा प्राथमिक उपचारसमेतको योजना बनाई वडा कार्यालयमा पेश गर्ने ।

ग) स्थानीय व्यवसाय सञ्चालक तथा पसलकवल भाडामा दिनेहरूसँग समन्वय गर्ने ।

घ) वार्षिक कार्ययोजना बनाई सो अनुसार बजार व्यवस्थापनको कार्यहरू गर्ने।

ङ) नगरपालिकाले प्रवलित कानून अनुसार कार , शुल्क, दण्ड जरिवान असूल उपर गर्न गराउँन समन्वय , सहजिकरण र वश्यक सहयोग गर्ने,

च) नगर बजार व्यवस्थापन तथा बजार विकास समितिले दिएका आवश्यक सुझाव सल्लाह कार्यान्वयन गर्ने ।

छ) कुनै विषयमा कुनै पक्षहरूबीच विवाद भई समिती समक्ष पेश हुन आएका विषयहरूमा दुवै पक्षका कुराहरू सुनुवाई गरी मेलमिलापको माध्यमबाट मेलमिलाप गराउने । मेलमिलाप हुन नसकेमा वडा

समिति वा नगर बजार व्यवस्थापन तथा बजार विकास समितिलाई निकाशका लागि सिफारिस गरी पठाउने।

ज) स्थानीय व्यवसायी तथा उपभोक्ताहरूको हकहितका लागि आवश्यक कार्य गर्ने ।

झ) स्थानीय बजार तथा नगरमा दैनिक उपभोग्यबस्तुहरूको सहज आपूर्ती गर्ने गरी ढुवानी भण्डारण वितरणको आवश्यक व्यवस्था मिलाउन समन्वय गर्ने ।

ञ) स्थानीय व्यवसाय सञ्चालन गर्नेहरूलाई व्यवसाय दर्ता गर्न अभिप्रेरित गर्ने ।व्यवसाय सुरक्षा लेखा व्यवस्थापन कर दायित्व आदिका बारेमा बार्पिक योजना बनाई अभिमुखीकरण कार्यक्रम लगायतका कार्यक्रम संचालनका लागि नगरस्तरीय बजार व्यवस्थापन तथा बजार विकास समिति समक्ष माग गर्ने।

ट) स्थानीय बजार व्यवस्थापन ऐन तथा प्रचलित कानून बमोजिम अधिकारप्राप्त नियामक निकायद्वारा बजार अनुगमन गर्नका लागि सहयोग माग गरेमा वा आकास्मिकरूपमा अन्य बजार व्यवस्थापन वा अनुगमन गर्न माग गरेमा प्रतिनिधित्व गर्ने ।

ठ) मूल्य सूची निर्धारण समितिबाट निर्णय भए बमोजिमको मूल्यसूची आम उपभोक्ताले थाहा पाउने गरी राख्न लगाउन व्यवसायीहरूलाई अभिप्रेरित गर्ने तथा उक्त समितिलाई आवश्यक सरसहयोग गर्ने ।

ड) कानूनले निषेध गरेका सामग्रीहरू कानून बमोजिम जफत गरी वा नियन्त्रणमा लिई नष्ट गर्न सहयोग गर्ने।

ढ) नगरस्तरीय बजार व्यवस्थापन तथा बजार विकास समितिबाट थप जिम्मेवारी दिएमा उक्त कार्य सम्पादन गर्ने।

ण) नगरपालिकाले गरेको नीतिगत निर्णयहरू कार्यान्वयनमा ल्याउन वार्पिक कार्ययोजना बनाई सो अनुसार बजार व्यवस्थापनको कार्यहरू गर्ने ।

त) स्थानीय व्यवसायी तथा उपभोक्ताहरूको हकहितका लागि आवश्यक कार्य गर्ने ।

थ) स्थानीय व्यवसाय सञ्चालन गर्नेहरूलाई व्यवसाय दर्ता गर्न अभिप्रेरित गर्ने ।व्यवसाय सुरक्षा लेखा व्यवस्थापन कर दायित्व आदिका



बारेमा बार्पिक योजना बनाई अभिमुखीकरण कार्यक्रम लगायनका कार्यक्रम संचालन गर्ने गराउने ।

८. **स्थानिय हाट, बजार अनुगमन समितीको गठनः-** (१) ऐनको दफा को दफा १२ अनुसारको प्रत्येक हाट, बजारमा देहाय अनुसारको स्थानिय हाट, बजार अनुगमन समिती रहनेछ ।

| | |
|---|---|
| (क) वडाले पठाएको वडा सदस्य | संयोजक |
| (ख) स्थानिय बजार व्यवस्थापन समितीको सह संयोजक | सदस्य |
| (ग) नगर बजार व्यवस्थापन तथा विकास समितीका सदस्य मध्येबाट नगर प्रमुखले मनोनयन गरि पठाएको सदस्य १ जना | सदस्य |
| (घ) गौरादह उद्योग बाणिज्य संघको प्रतिनिधी १ जना | सदस्य |
| (ङ) वडा समितीले मनिनयन गरेको टोल विकास समितिका अध्यक्षहरु मध्ये १ जना- | सदस्य |
| (च) स्थानिय बजार व्यवस्थापन समितीले आफु मध्येबाट छनौट गरि पटएको १ जना महिला - | सदस्य |
| (छ) स्थानीय सुरक्षा निकाय नेपाल प्रहरी निकायको प्रमुख वा प्रतिनिधि- | सदस्य |
| (ज) सम्बन्धित वडाको वडा सचिव वा निज तोकेको वडाको कर्मचारी - | सदस्य सचिव |

(२) स्थानिय हाट, बजार अनुगमन समितीका पदाधिकारी तथा सदस्यहरुको कार्यकालः- खण्ड (ख) र (च) मा उल्लेखित सदस्यको पदावधि स्थानिय बजार व्यवस्थापन समितीको कार्यकाल भन्दा बढी हुने छैन।अरु पदाधिकरी तथा सदस्यहरुको पदावधि स्थानिय बजार व्यवस्थापनको सदस्य रहुनजेल सम्मका लागि हुनेछ।

९. **स्थानिय हाट, बजार अनुगमन समितीको काम कर्तव्य र अधिकारः-**(१) आफ्नो कार्य क्षेत्र भित्रका स्थानिय हाट, बजारहरुमा उपभोक्ताको स्वास्थ्य सुविधा र आर्थिक हित कायम राख्न उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु वा सेवाको उत्पादन स्थल, भण्डारण तथा संचय स्थल, थोक तथा खुद्रा बिक्रि स्थल र उपभोग स्थल लगायतका ठाउँहरूमा वस्तु वा सेवा प्रदायक वा बिक्रेताको व्यवसायिक कारोवारको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न स्थानिय

हाट, बजार अनुगमन समितीले नियमित वा आकष्मीकरुपमा स्थानीय हाट बजारको अनुगमन गर्नेछ।

(२) यसरी अनुगमन गर्दा स्थायीरुपमा पसल कवल खोली व्यापार व्यावसाय र उद्योगधन्दा गर्नेहरुलागि अनुसूची (१क) को फाराम अनुसार अनुगमन गर्न गराउँनु पर्नेछ भने सामाहिक हाट बजार मा वेचविखन गर्नेहरुको अनुगमन गर्दा अनुसूची (१ख) को फाराम अनुसार हनुगमन गर्नु गराउँनु पर्नेछ ।

(३) यसरी अनुगमन गर्दा मुचुल्का खडा गर्नु पर्ने भएमा अनुसूची (२) अनुसार गर्नु पर्नेछ ।

(४) सामाहि हाट, बजारको अनुगमन गर्दा एन को दफा २३ अनुसारको अनुसूची ३ मा भएको व्यवस्था लाई विशेष ध्यान दिनु पर्नेछ ।

(५) यसरी गरेको अनुगनाको एक प्रति स्थानिय बजार व्यवस्थापन समिती र नगरस्तरीय बजार व्यवस्थापन तथा विकास समिती लाई तुरून्तै उपलब्ध गराउँनु पर्नेछ।



अनुसूची – १ (क)

दफा ९ को २ संग सम्बन्धित

**नियमित \ आकष्मीक बजार अनुगमन फारम**

(बजार अनुगमन फारमको प्रमाणित प्रति सम्वन्धित व्यवसायीलाई दिनु पर्नेछ)

व्यापारिक प्रतिष्ठानको नामः श्री

ठेगानाः

प्रोपाइटर वा फर्म \पसल धनीको नामः

फोन नं-.

[illegible] नगर कार्यपालिकाको कार्यालयको नेतृत्वमा खटिएको बजार अनुगमन टोलीबाट तपाईको बिक्रीस्थल \ गोदाम \ उद्योगको निरीक्षण गर्दा निम्न अनुरूपको स्थिति भेटिएकोले देहायअनुसार गर्नु गराउनु हुन निर्देशन दिइएको छ ।

| क.सं. | विवरण | भएको | नभएको | टोलीबाट दिइएको निर्देशन |
|---|---|---|---|---|
| १ | मूल्य सूची | | | |
| २. | साइनवोर्ड | | | |
| ३. | व्यवसायदर्ता \ नवीकरण | | | |
| ४. | नापतौलको प्रमाण | | | |
| ५. | लेवलमा खुलाउनुपर्ने कुराहरू स्पष्ट उल्लेख भए\नभएको | | | |
| ६ | म्याद नाघेको सामाग्री | | | |
| ७ | स्थायी लेखा नम्वर\ VAT मादर्ता | | | |
| ८ | बिक्री बिल दिने प्रक्रिया भए\नभएको | | | |
| ९ | खाद्य अनुज्ञा पत्र (खाद्य उद्योगको | | | |
| १० | मासुको गुणस्तर सन्तोपजनक भए\ नभएको | | | |
| ११ | मिठाईको गुणस्तर लगायतका पक्षहरू सन्तोपजनक | | | |
| १२ | ग्याँसको तौल, मूल्य लगायतका विषय सन्तोपजनक | | | |
| १३ | खरिद बिल\नभएको | | | |
| १४ | यस अगाडिको निर्देशनमा पालना | | | |
| १५ | अन्य कैफियतपूर्ण स्थिति (खुलाउने) | | | |

एक पटक दिइएका निर्देशनहरू पुनः अनुगमन गर्दा पालना नभएको पाइएमा प्रचलित कानून वमोजिम कडा कारवाही हुनेछ ।

निरीक्षण टोली

१. संयोजक श्री ............................

२. सदस्य श्री ............................

३. सदस्य श्री ............................

४. सदस्यश्री ............................

मितिः- ५. सदस्य श्री............................

मथि उल्लेखित विवरण टीक छ भनी उत्पादक\विक्रेताको नामः -

सहीः-

प्रतिष्ठानको (पसलको) छाप



अनुसूची – १ (ख)

दफा ९ को २ संग सम्बन्धित

अनुगमनका लागि तोकिएको फाराम

स्थानिय बजार व्यवस्था समिती ........................

व्यवसायको नामः -

विक्रेताको नाम थर र ठेगानाः-

व्यावसायको किसिमः -

अनुगमनको मितिः- समयः- पटकः- पहिलो\दोस्रो\तेस्रो

अनुगमनमा प्राप्त त्रुटी

१

२

३

अनुगमन पछिको सुझावहरुः-

अनुगमनको प्रकारः- आकस्मिक र नियमित

यो अनुगमन मेरो उपस्थिमा भएको हो, उपरोक्त विवरणको अनुगमन कसैको दवाव र प्रलोभनमा नपरी स्वतन्त्र दस्तखत पूर्वक गरिएको हो।

प्रोपाइटर \ बिक्रेताको नाम थरः-

दस्तखतः-

ठेगानाः-

मितिः-

**स्थानीय बजार अनुगमन समिति को अनुगमन टोलीको विवरण**

१. संयोजक श्री ............................ दस्तखतः-

२. सदस्य श्री ............................ दस्तखतः-

३. सदस्य श्री ............................ दस्तखतः-

४. सदस्य श्री ............................ दस्तखतः-

५. सदस्य श्री............................ दस्तखतः-

मितिः-

अनुसूची – २

दफा ९ को (३) संग सम्बन्धित

अनुगमन मुचुल्का

मेची अन्चल झापा जिल्ला गौरादह नगरपालिका वडा नं. ..... बस्ने .......... नाती\नातीनि ......... छोरा\छोरी ............ को पत्नी .......... को बुहारी वर्ष ... श्री ............ को फर्म\पसल\उद्योग\ व्यवसायको गौरादह नगर कार्यपालिकाद्वारा गठित स्थानिय बजार अनुगमन समितिले मिति .......... गतेका ................को दिन अनुगमन गर्दा तपसील अनुसारको कैफियत देखिन आएकोले यो मुचुल्का उठाइएको छ। देखिएका कैफि यतहरु यथा समयमा सुधार गर्ने निर्देशन गरीन्छ। यो मुचुल्का मेरो उपस्थितिमा उटाइएको हो। यसमा लेखिएको विवरण झुठ्ठा छैन।

अनुगमनमा देखिन आएका कमिकम्जोरी र त्रुटीहरुः-

१
२
३
४
५

अनुगमन समितिको तर्फबाट

१. अनुगमन समितका संयोजकको दस्तखतः-
२. नाम थरः-

व्यावसायी \ प्रतिष्ठनको तर्फबाट

१. व्यवसायको नामः-
२. टेगानाः-
३. प्रोपराईटर \ विक्रेताको नाम थरः-
४. दस्तखतः-
५. सम्पर्क नम्वरः-
६. मितिः-

| प्रोपराईटर \विक्रेताको | |
|---|---|
| दायाँ | बायाँ |
| | |

आज्ञाले

राजेन्द्र भट्टराई

प्रमुख प्रशासकीय अधिकृत